स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बाबु साहेब बलामीको निर्देशन रहने फिल्म 'माइली'को मुहुर्त गरिएको छ । सोमबार काठमाडौंस्थित भद्रकाली मन्दिरमा फिल्मकी मुख्य अभिनेत्री प्रियंका कार्की र गायिका समेत रहेकी कमला घिमिरेले 'मुहुर्त सट' दिएका थिए । यसमा उनीहरुले आमा-छोरीको भूमिका निभाउँदैछन् । कमलाले यही फिल्मबाट अभिनयमा डेब्यु गर्न लागेकी हुन् । मंगलबारबाट फिल्मको छायांकन सुरु हुनेछ ।

आजको विचार...



प्रशासनिक...
(दुई पेजमा)

चित्ररेखा सिलवाल

गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'मोदीबेनी'को जापान प्रदर्शन अधिकार बिक्री भएको छ । सुवास लामिछानेको नेतृत्वमा रहेको भिजोनिया कम्पनी लिमिटेडले फिल्मको जापान प्रदर्शन अधिकार खरिद गरेको हो । नेपालमा दर्शकबाट उत्कृष्ट प्रतिक्रिया मिलेका कारण जापान अधिकार बिक्री भएको सह-निर्माता हरि श्रेष्ठले बताए । अरु देशमा पनि कुरा भइरहेको उनको भनाई छ । निर्देशक शंकर कोइरालाका अनुसार, दर्शकले फिल्मको 'थ्रिलिङ पार्ट'लाई रुचाएका छन् ।



❐ वर्ष ३० ❐ अंक २२ ❐ २०८१ साउन २२ गते मंगलबार 6 August 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सुनको भाउ बढेको बढ्यै

# प्रतितोला डेढ लाख पुग्यो, नयाँ गहना बेचबिखन शून्य, साटफेरमै सीमित

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन २१/विश्व बजारसँगै नेपालमा पनि सुनको भाउ निरन्तर वृद्धि भएर नयाँ रेकर्ड राख्ने क्रम जारी छ । एक वर्षको अवधिमा सुन एक तोलामै करिब ३८ हजारले वृद्धि भएको छ । गत वर्षको साउन १ गते छापावाल सुनको मूल्य प्रतितोला एक लाख १२ हजार दुई सय थियो । २०८१ साउन १ गते तोलाको एक लाख ४७ हजार आठ सयमा कारोबार भयो । त्यसैको अर्को दिन अर्थात् साउन २ गते एक लाख ४९ हजार ८ सय पुग्यो । केही दिन तल माथि भएको सुनको मूल्यले सोमबार अर्थात् साउन २१ गते नयाँ कीर्तिमान कायम गरेको छ । लगातार उकालो लागेको सुनको मूल्यमा वृद्धिपछि हालसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाला सुन प्रतितोला एक लाख ५० हजार कायम भएको छ । आइतबार छापावाला सुन प्रतितोला एक लाख ४९ हजार सात सयमा कारोबार भएको थियो । अघिल्लो दिनको तुलनामा सोमबार छापावाला सुन प्रतितोला तीन सयले वृद्धि भएको हो । यस्तै तेजाबी सुनको मूल्य प्रतितोला तीन सयले वृद्धि भएको छ । आइतबार प्रतितोला एक लाख ४९ हजार दुई सयमा कारोबार भएको



तेजाबी सुन सोमबारका लागि एक लाख ४९ हजार पाँच सय निर्धारण भएको छ । यसै गरी वृद्धि हुँदै जाने हो भने सर्वसाधारणको पहुँचभन्दा बाहिर गएर 'ल्हासामा सुन छ, कान मेरो बुच्चै' भन्ने प्रचलित लोकोक्तिले सार्थकता पाउने निश्चित छ । केही वर्षअघिसम्म अन्तर्राष्ट्रिय बजारमा डलरको मूल्य बढ्दा सुनको मूल्य घट्ने र डलरको मूल्य घट्दा सुनको मूल्य बढ्ने गरेको देखिन्थ्यो । केही वर्षयता भने दुवैको मूल्य निरन्तर बढिरहेको छ । अन्तर्राष्ट्रिय बजारमै सुनको मूल्य बढ्दै गएपछि त्यसको प्रभाव नेपाली बजारमा पनि परेको हो । सुनको मूल्यमा वृद्धि हुँदै गएपछि नेपाली बजारमा नयाँ गहनाको कारोबार समेत घटेको छ । दिनप्रतिदिन सुनको भाउ बढ्दै गएपछि पाल्पामा पनि यसको प्रभाव देखिएको छ । सुन महँगो हुँदा सर्वसाधारणले सुनका गहना किन्नेतर्फ ध्यान दिएका छैनन् ।

सुनको माग नभएपछि व्यवसायीहरुले समेत बैंकबाट सुन लिन छाडेका छन् । महिनामा ३ किलो सुन पाल्पाको कोटामा पर्ने गरे पनि अहिले भाउ बढेपछि लिन छोडिएको नेपाल सुनचाँदी व्यवसायी महासंघ पाल्पाका अध्यक्ष प्रेम पौड्यालले बताए । उनले भने' अहिले नयाँ गहनाको कारोबार नै हुन छोड्यो, दुई महिना जति भयो हामीले बैंकबाट सुन लिन सकेका छैनौं ।' एकातिर अन्तर्राष्ट्रिय बजारमा सुनको भाउ बढ्ने अर्कोतिर नेपाल सरकारले भन्सारमा मूल्य वृद्धि गर्ने गर्दा नेपाली बजारमा थप महँगो हुन पुगेको अध्यक्ष पौड्यालले बताए । यस अघि सरकारले सुनमा १५ प्रतिशत भन्सार शुल्क लिने गरेकोमा अहिले २० प्रतिशत पुऱ्याएकाले पनि थप समस्या भएको उनले उल्लेख गरे । 'भाउ घट्यो भने कारोबार बढ्छ । तर अहिले भाउ बढ्दै गएकाले तयारी गहना किन्ने ग्राहक छैनन्' अध्यक्ष पौड्यालले भने । उनका अनुसार भाउ बढ्दा पुरानो गहना साटफेर मात्रै गर्ने र थोरै थपथाप गरेर लैजाने ग्राहक मात्रै आउने गरेका छन् । 'तीज आउन लागेको छ तर कारोबार छैन्, मूल्य बढेपछि पुरानो साटफेर गरेर लगाउने बढी आएका छन्' अध्यक्ष पौड्यालले भने, 'केहीले पुरानो बढी दिएर नयाँ थोरै लिएर जान्छन् । केहीले थपथाप गरेर लैजाने गर्छन् ।' नयाँ गहना नगदमा किनेर लगाउने शून्य नै रहेको उनको भनाइ छ । यस अघि पाल्पामा सिजनका बेला महिनामा १० केजीसम्म खपत हुन्थ्यो । तर अहिले महिनामा आधा केजी पनि कारोबार हुँदैन । 'कारोबार शून्य नै छ' अध्यक्ष पौड्यालले भने, 'कारोबार नहुँदा कालीगढलाई तलब दिन पनि सकस भएको छ ।' पाल्पामा एक सय १८ सुनचाँदी व्यवसायी छन् । जहाँ ७ हजार कालीगढ कार्यरत रहेको पौड्यालले बताए ।

अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ ।

### संक्षिप्त समाचार

## बाढीले आठको मृत्यु, १९ बेपत्ता



रासस/क्यूएनए

**बेइजिङ,** २१ साउन/दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको काङ्गडिङ सहरमा आएको बाढी र पहिरोका कारण आठ जनाको मृत्यु हुनुका साथै १९ जना बेपत्ता भएका छन् ।

बाढीका कारण समुद्री सतहबाट एक हजार ३०० मिटरको उचाइमा अवस्थित उपत्यकामा रहेको एउटा पुलका साथै घरहरू क्षतिग्रस्त भएको स्थानीय अधिकारीहरूले बताएका छन् । अधिकारीका अनुसार प्रभावित क्षेत्र नजिकैका पहाड र समुद्र सतहबाट पाँच हजार मिटरभन्दा बढी उचाइमा समेत बाढी र पहिरोबाट छ जनाको मृत्यु हुनुका साथै ११ जना बेपत्ता भएका छन् । यसैगरी बाढीले पुल भत्काउँदा यातायात आवागमन समेत प्रभावित भएको छ । चिनियाँ समाचार संस्था, सिन्ह्वाले उद्धारमा संलग्न एक कार्यालयलाई उद्धृत गरी एक व्यक्तिलाई उद्धार गरी अस्पताल लगिएको र अन्य दुई जनाको मृत्यु भएको जनाएको छ । स्थानीय अधिकारीले प्रकोपको बारेमा जानकारी दिँदै उद्धार अभियानमा अहिलेसम्म एक हजार ५५४ जना उद्धारकर्तालाई प्रभावित क्षेत्रमा पठाइएको र उद्धार कार्य जारी राखेको जनाएका छन् ।


# पाल्पासहित देशभरका शिवालयमा घुइँचो

**पाल्पा,** साउन २१/साउनको तेस्रो सोमबार पाल्पासहित देशभरका शिवालयमा पूजाआजा गर्ने भक्तजनहरुको अत्याधिक घुइँचो लागेको छ । सोमबार बिहानैदेखि शिवालयमा पूजाआजा गर्ने दर्शनार्थीको घुइँचो देखिन्थ्यो । हिन्दु धर्म मान्ने महिलाहरुले साउने सोमबारलाई विशेष धार्मिक दिनका रुपमा लिने गरेका छन् ।

साउन महिना र सोमबार भगवान् शिवजीको महिना र बार भएकाले पनि यस अवसरमा शिवालय मन्दिरमा धेरै भक्तजनको घुइँचो लाग्ने गरेको छ । महिलाहरु निराहार ब्रत बसेर भगवान शिवको पूजा अराधना गर्ने गर्छन् । साउनको पहिलो सोमबारदेखि महिनाको हरेक सोमबार देशभरका शिवालय मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्ने गरेको छ । साउने सोमबारको अवसरमा पाल्पाको सिद्धबाबा मन्दिर, तानसेनस्थित नारायणस्थान, भगवतीटोल, बराङ्दी लगायतका विभिन्न शिवालयमा पूजा आराधना गर्न हजारौं भक्तजनहरु घुइँचो लागेको पाइन्छ । साउन महिनाको सोमबारलाई भगवान शिवको प्रिय दिन मानिन्छ । महिलाहरुले विशेषगरी हरियो रंगका वस्त्र, चुरा र मेहंदी लगाएर भगवान् शिवको पूजा तथा आराधना गरी ब्रत बस्ने चलन रहँदै आएको छ । उक्त कार्य गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

# आजदेखि मनसुन पुन:सक्रिय हुँदै, पाल्पा पनि वर्षाको उच्च जोखिममा

**पाल्पा,** साउन २१/केही दिन निष्क्रिय रहेको मनसुन आज मंगलबारदेखि भने पुन: सक्रिय हुने भएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानूमान महाशाखाले एक बुलेटिन सार्वजनिक गर्दै साउन २२ गतेदेखि २३ गतेसम्म मनसुन सक्रिय हुने जनाएको हो ।



महाशाखाका अनुसार देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै केही स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । विभागले कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका केही तथा कर्णाली र मधेस प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाएको हो । बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा अति भारी वर्षाको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख गरिएको छ । विभागले बुलेटिन जारी गरी देशभर समान्यदेखि पूर्णतया बदली रही अधिकांश स्थानमा वर्षा हुने भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

उसले बुधबारसम्म भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र रातीको समयमा पानी पर्ने सम्भावना अझ बढी रहेकाले शहरी तथा तराई क्षेत्रहरुमा डुवानको जोखिम रहेको ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सर्तकता तथा पूर्व तयारी अपनाउनु हुन सबैमा आग्रह गरेको हो । जिल्लागत मनसुनी वर्षाको उच्च जोखिममा लुम्बिनी प्रदेशको कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, नवलपरासी पश्चिम, दाङ, बाँके, बर्दिया, प्युठान, अर्घाखाँची रहेका छन् ।

यस्तै कोशी प्रदेशको ताप्लेजुङ, पाँचथर, संघखुवासभा, तेह्रथुम देखिन्छ भने बागमती प्रदेशमा रसुवा, चितवन, सिन्धुपाल्चोक, धादिङ, नुवकोट र दोलखा पनि रहेका छन् ।

वर्षाको उच्च जोखिममा गण्डकी प्रदेशको म्याग्दी, बाग्लुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासी पूर्व, लमजुङ, गोरखा छन् भने सुदुरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र बैतडी वर्षाको उच्च जोखिममा रहेका महाशाखाले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्थानीय सरकार : सुशासनमा ध्यान देऊ

सुशासन सरकारका हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु हो । अर्कोतर्फ सरकारी सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आमजनागरिकलाई शासनको सुखद अनुभुति दिलाउनु हो । तर स्थानीय, प्रदेश र संघीय सरकार सुशासन दिलाउने कुरामा चुकेका छन् । विशेषतः जनताको घरदैलोको सरकारका रुपमा लिने स्थानीय सरकारले समेत सुशासनको अनुभूति जनतालाई गराउन सकेका छैनन् । उनीहरु आफै भ्रष्टाचारमा लिप्त हुँदा सुशासन दिने कुरामा कमजोर देखिन्छन् । स्थानीय तहमा भ्रष्टाचार जति धेरै बढ्छ त्यति नै संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा गम्भीर समस्या देखिन सक्छ । यदि साँच्चै सुशासन कायम गर्ने हो भने तल्लो निकायबाटै थालनी गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रणको अभियान थाल्ने हो भने स्थानीय सरकार समृद्ध हुन धेरै कुरिरहनुपर्दैन । तर विडम्बना, यदाकदा स्थानीय सरकार नै भ्रष्टाचारको मूलजस्तो बन्ने गरेका विभिन्न तथ्यहरु सार्वजनिक भइरहेका छन् । स्थानीय तहको सिंहदरबार बढी मात्रामा भ्रष्टाचारको दलदलमा फस्न पुगेको देखिन्छ । जनतालाई सबैभन्दा नजिक रहेर फ्रन्ट लाइनको सेवा दिने स्थानीय सरकार भ्रष्टाचारमा फस्नु भनेको जनतामाथिकै अवमूल्यन हो । स्थानीय जनताको सहभागिता, नेतृत्व र योगदानमा आधारित विकासको मोडेल स्थानीय शासन हो । शासनको अधिकार जहाँ रहन्छ, सुशासनको औचित्य र आवश्यकता त्यही रहन्छ । स्थानीय तहमा सवैधानिक तथा कानुनी अधिकार रहेको छ । त्यसैले अधिकारको सही सदुपयोग पनि भएको हुनुपर्छ ।

स्थानीय जनप्रतिनिधिले सुशासन र भ्रष्टाचार नियन्त्रणको विषयलाई हल्का र भाषणको रुपमा लिनुभन्दा पनि व्यावहारिकरुपमा नै भ्रष्टाचार नियन्त्रण अभियानलाई निरन्तररुपमा सञ्चालन गर्न सक्नुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्ने काम अख्तियारको मात्रै होइन, यसका लागि जनप्रतिनिधि, राजनीतिक दल, सरकारका प्रायः सबैजसो निकायको पनि उत्तिकै भूमिका हुनुपर्छ । भ्रष्टाचार रोक्न सकिएमा शासन सत्ता र सञ्चालक स्वतः सफल हुनेछन् । यदि भ्रष्टाचार रोक्न सकिएन र यसको जरा फैलिँदै गयो भने त्यसले शासकहरुलाई नै पूर्णरुपमा असफल बनाइदिन सक्छ । शासकहरुको असफलतासँगै शासन प्रणाली पनि असफल हुन सक्छ । मुलुकको विकास र समृद्धिको अनिवार्य सर्त सुशासन नै हो । यसर्थ भ्रष्टचारलाई नियन्त्रण गरी सुशासन स्थापित गराउने कुरामा स्थानीय सरकारले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जे पाइन्छ त्यसैमा खुसी हुनु पर्छ गुनासो गर्न
थाल्यो भने त दुखी हुदाहुदै आधा जिन्दगी बितिसक्छ ।
*(सविना सारुको फेसबुक स्टाटसबाट www.facebook.com//saru.sabina56)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रशासनिक संघीयताको उपेक्षा



चित्ररेखा सिलवाल

*संघीयताअघि कर्मचारीको कार्य क्षेत्र ठुलो थियो । संघीयतापछि प्रदेश र स्थानीय तहमा समायोजित कर्मचारीले आफू प्रदेश र स्थानीय तहभित्र खुम्चिएको महसुस समेत गरेका छन् । यस्तै बढुवाका लागि वृत्ति विकासको साँघुरो सोपानका कारण उनीहरुमा सकारात्मक मनोवृत्ति र मनोबलको अभाव छ । संघीय लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा खटिएका कर्मचारीको अवस्था पनि ऐनको अभावमा उस्तै छ, जसले गर्दा कर्मचारीतन्त्र अन्योल र अनिश्चितताको भूमरीमा रुमलिइरहेको छ ।*

राज्यका स्रोत-साधन र अवसरमा सबै नागरिकको पहुँच पु-याउनेह राज्यका संरचनाहरुमा नागरिकको अर्थपूर्ण संलग्नता वा सहभागिता गराउने र नागरिककै चाहना र आवश्यकता सम्बोधन गर्ने शासकीय स्वरूप नै सामान्य अर्थमा संघीयता हो ।

नेपालको संविधानले तीन तहको राज्य संरचनालाई संस्थागत गरेको एक दशक पुग्न लागिसकेको छ, तथापि संघीयताको महत्त्वपूर्ण आयामका रूपमा रहेको प्रशासनिक संघीयता उपेक्षित नै छ । तहगत सरकारहरूमा रहेको नागरिकप्रतिको दायित्व कार्यान्वयनका लागि आवश्यक पर्ने सांगठनिक संरचनाहरू र सो सम्बद्ध नीति, ऐन-नियम, योजना तथा कार्ययोजनाको समष्टिलाई नै प्रशासनिक संघीयता भनेर सम्झनुपर्छ । जसको अभावमा संघीयताको सफल कार्यान्वयन मृगतृष्णा मात्र बन्न पुग्छ । उदेकलाग्दो कुरा त के हो भने संघीयताको संस्थागत अभ्यास हुन थालेको वर्षौं बितिसक्दा पनि एकात्मक र केन्द्रीकृत व्यवस्था हुँदादेखिकै निजामती सेवा ऐन, २०४९ बाटै प्रशासनिक संयन्त्र निर्देशित छ । संघीय निजामती सेवा ऐनको चर्चा चलेको धेरै भइसक्यो, तर यसले सार्थकता पाउन सकेको छैन । सर्वस्वीकार्यता र सहमतिको अभावमा पटकपटक ओझेल पर्ने यसको नियति नै भइसकेको छ ।

**वर्तमान अवस्था**

संघीयता अवलम्बनपछि प्रशासनिक पुनर्संरचनाको तत्कालीन गर्जो टार्न संविधानको धारा ३०२ ले दिएको अधिकार उपयोग गर्दै कर्मचारी समायोजन ऐन २०७५ बमोजिम साबिकका सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरियो । यो समायोजन कर्मचारीको इच्छा, आकाङ्क्षा र स्वेच्छिक सहभागिता भन्दा पनि राज्यको आवश्यकता र इच्छामा निर्भर थियो र बाध्यात्मक थियो भन्ने कुरालाई कर्मचारी समायोजन ऐनको दफा ५ को उपदफा १२ र समायोजन सम्बन्धमा अदालतमा परेका रिटले पनि पुष्टि गर्दछ ।

संघीयताअघि कर्मचारीको कार्य क्षेत्र ठुलो थियो । संघीयतापछि प्रदेश र स्थानीय तहमा समायोजित कर्मचारीले आफू प्रदेश र स्थानीय तहभित्र खुम्चिएको महसुस समेत गरेका छन् । यस्तै बढुवाका लागि वृत्ति विकासको साँघुरो सोपानका कारण उनीहरुमा सकारात्मक मनोवृत्ति र मनोबलको अभाव छ । संघीय लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा खटिएका कर्मचारीको अवस्था पनि ऐनको अभावमा उस्तै छ, जसले गर्दा कर्मचारीतन्त्र अन्योल र अनिश्चितताको भूमरीमा रुमलिइरहेको छ । प्रशासनिक संघीयताको अपरिपक्व र अपूर्ण कार्यान्वयनले कर्मचारीको पूर्ण व्यवस्थापन र उनीहरुको क्षमताको पूर्ण उपयोग हुन सकिएको देखिँदैन । अर्कोतिर तहगत सरकारमा बढ्दै गएको निराशाले सहकार्यात्मक संस्कृतिमा समेत ह्रास ल्याउँदै छ । कुनै पनि शासन प्रणालीमा अन्तर्निहित तथा अन्तर्सम्बन्धित तत्त्वहरूको सारभूत जीवन्तता र गतिशीलतामा नै त्यस प्रणालीको सफलता निर्भर रहन्छ । जसरी शरीरको कोषमा आउने खराबीले पूर्ण प्रणालीलाई नै असर गर्दछ, त्यसरी नै शासकीय आयाममा साना-साना कुरालाई बेवास्ता गर्दा त्यसले समग्र राष्ट्रिय प्रणालीमै असर पुऱ्याउने हुन्छ । वर्तमान अवस्थामा प्रशासनिक संघीयताको विषय पेचिलो बन्दै गइरहेको छ । नेपालको संविधानले संघीय एकाइबिच जिम्मेवारी, स्रोत-साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने नीति लिएको छ । तर प्रशासनको साझेदारी कुन स्वरूपमा गर्ने ? अन्तर्तह साझेदारीका आधार र सर्तहरू के के हुने ? यसले प्रशासनिक संघीयतामा कस्तो असर र प्रभाव पार्छ होला ? यस्ता विषयमा गम्भीर बहस हुन जरुरी छ ।

संविधानको धारा २८५ ले सरकारी सेवाको गठनसम्बन्धी व्यवस्था गरेको छ । यसमा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने साथै प्रदेश मन्त्री परिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् भन्ने उल्लेख छ । यद्यपि संघीय सरकार नै आवश्यक कानुन निर्माणमा उदासीन देखिएको हुँदा प्रदेश र स्थानीय तहले संविधानतः प्राप्त अधिकारको समेत उपभोग गर्न पाएका छैनन् । संघीय निजामती सेवा ऐन प्रदेश र स्थानीय तहका लागि मार्गदर्शक ऐनका रूपमा रही यसले संघ, प्रदेश र स्थानीय तहबिचको प्रशासनिक अन्तर्सम्बन्धलाई स्पष्ट पार्नुपर्नेमा यो ऐनको अभावमा प्रदेश र स्थानीय तहहरू हालसम्म अन्योलमा रहेका छन् । कर्मचारी समायोजन ऐनको दफा १५, उपदफा ४ मा गरेको व्यवस्था (संघीय निजामती सेवाको पदमा अन्तर सेवा प्रतिस्पर्धामार्फत बढुवाको अवसर प्रदान गर्ने)को कार्यान्वयन संघीय निजामती सेवा ऐन जारी नभएसम्म हुँदैन । तिपय प्रदेशले प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनहरू जारी गर्दै गरेको परिदृश्य छ, तर यसरी जारी ऐन एकातिर पूर्णरूपमा कार्यान्वयनमा आउन सकेका छैनन् भने अर्कोतिर प्रदेश-प्रदेशका बिचमा पनि कर्मचारीको सेवा, सर्त र सुविधामा फरक-फरक मापदण्ड लागु हुने खतरा रहेको छ ।

**अबको बाटो**

संघीय शासन व्यवस्थाले सिर्जना गर्ने लाभहरूलाई नागरिकहरूमा वितरण गर्न प्रशासनिक संघीयता आवश्यक छ । प्रशासनिक संघीयताको कार्यान्वयनको सवालमा उठेका विवादहरूको समाधान गर्दै यसको सफल कार्यान्वयनमा जान निकै ढिला भइसकेको छ । प्रशासनिक संघीयतालाई मार्गदर्शन गर्ने संघीय निजामती सेवा ऐनको अभावमा समग्र प्रशासनमै गतिरोध सिर्जना भएको छ । संघीय निजामती सेवा ऐन सधैँ बहसको विषय मात्र बनाइनु भएन । कर्मचारीले उठाएका जायज मागहरूको सम्बोधन गर्दै अविलम्ब यो ऐन जारी गरी प्रदेश र स्थानीय सरकारमा कर्मचारी प्रशासन सम्बन्धमा रहेको द्विविधाको अन्त्य गर्ने आधार खडा गरिनुपर्छ । संघीयताको सफल कार्यान्वयन तीनै तहका सरकारबिचको सहकार्य, सहयोग, समन्वय र सह-अस्तित्वमा आधारित हुने हुँदा तत्तत् तहका कर्मचारीको मनोबल उच्च राख्ने कुरामा ध्यान पुग्नुपर्छ । कर्मचारीले संगठनप्रति अपनत्व महसुस गर्ने किसिमले मानवीय दृष्टिकोण सहित कर्मचारीको व्यवस्थापनमा ध्यान दिनुपर्छ । स्पष्ट कानुनी व्यवस्थामार्फत सेवा-सुविधा र वृत्ति विकासका अवसरलाई लिएर कर्मचारीमा उत्पन्न हुने असुरक्षाको अन्त्य गरिनुपर्छ । सांगठनिक सफलता व्यक्तिगत तथा सांगठनिक लक्ष्यहरूको एकीकरणमा निर्भर रहन्छ भन्ने तथ्यलाई बिर्सनु हुँदैन । कर्मचारीहरूको पीर-मर्का र गुनासोको उचित सम्बोधन गर्दै स्पष्ट कार्य विवरण, मापनयोग्य लक्ष्यसहितको कार्यसम्पादन सम्झौता, सोको कार्यान्वयनको निरन्तर बहुपक्षीय अनुगमन र प्राप्त नतिजालाई वस्तुगत रूपमा कर्मचारीको वृत्तिविकाससँग तादात्म्यता गरिनुपर्छ । वृत्ति विकासका अवरसहरूमा अविभेद, निष्पक्षता, खुलापन र पूर्वानुमेयता तर नतिजा प्राप्तिप्रति निर्मम व्यवहार आजको आवश्यकता हो । तहगत सरकारहरूमा कर्मचारीको व्यवस्थापन गर्दा आधारभूत मानवीय मूल्य-मान्यताको क्षयीकरण हुने व्यवस्था हटाइनुपर्छ । उदाहरणका लागि कर्मचारीको समायोजन नेपालको जुनसुकै भूभागमा हुने, कुनै पनि प्रदेश वा स्थानीय सेवामा देशभरिको नागरिकले आवेदन दिन पाउने तर सरुवा भने तोकिएको बाहेक अन्य प्रदेशमा हुन नपाउने– यसले परिवार एकातिर जागिर अर्कोतिर हुन्छ । पायक पर्ने स्थानमा सरुवा नहुने व्यवस्था कतिको न्यायोचित छ ? त्यसैगरी स्थानीय तहमा कार्यरत कर्मचारीलाई संघीय निजामती सेवामा खुला रूपमा प्रतिस्पर्धा गर्नका लागि उमेर हद लाग्ने जुन व्यवस्था छ, सरकारी सेवामा प्रवेश गरेको पूर्ण अनुभूति समेत हुन नपाउने गरी गरिएको यस्तो व्यवस्थाको पुनरवलोकन हुन जरुरी छ । प्रदेश निजामती सेवाका कर्मचारीलाई संघीय निजामती सेवा र स्थानीय सेवाका कर्मचारीलाई प्रदेश निजामती सेवा तथा संघीय निजामती सेवामा अन्तरतह प्रतिस्पर्धामार्फत आउन मिल्ने गरी निश्चित प्रतिशत छुट्याइनुपर्छ । वृत्ति मार्गमा हिँड्दै गर्दा कर्मचारी कहाँसम्म पुग्छ, यो उसको इच्छाशक्ति र मिहिनेतमा भर पर्ने कुरा हो तर उच्च तहमा पुग्ने सपना उसले देख्न पाउनुपर्छ । अड्कलिएको वृत्तिमार्ग र सपनाले कर्मचारीमा रक्तसञ्चार ल्याउँदैन, विभेद र अविश्वासले कर्मचारीमा श्वास भर्दैन । प्रशासनिक संयन्त्र नै विदीर्ण छ भने हाम्रो शासन व्यवस्थाको चित्र कस्तो होला ? अनि शासन व्यवस्थामार्फत जनताले गर्ने अनुभूति कस्तो होला ? बलियो संघीभूत एकाइहरूविना बलियो संघीयताको कल्पना गर्न सकिँदैन, त्यसैले प्रदेश र स्थानीय तहको प्रशासनलाई जीवन्त र गतिशील बनाउनका लागि अविलम्ब कानुनी आधार प्रदान गरिनुपर्छ । सरुवा, बढुवा र वृत्ति विकासका अवसरलाई पहुँचभन्दा पनि पद्धतिमा आधारित र स्वचालित बनाई व्यावसायिक, उत्तरदायी र उत्प्रेरित प्रशासनिक संयन्त्रको विकासमा सरोकारवाला निकायको प्रयास एकीकृत हुन जरुरी छ ।

**(लेखक नेपाल सरकारको शाखा अधिकृत हुन् ।)**

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान्यजनको सुझाव अप्रिय लाग्नेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **तुला** : रचनात्मक काममा जुट्ने समय छ । परिश्रमअनुसार उपलब्धि पाइएला । |
| **वृष** : प्रसन्नतामा समय व्यतीत हुनेछ । स्वास्थ्य पनि सबल नै रहनेछ । | **बृश्चिक** :सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । परिवारको साथले नयाँ आशा पलाउनेछ। | **धनु** : जिद्दीपनाले काम बिग्रने डर छ । दबाब र तनाव बढेको महसुस हुनेछ । |
| **कर्कट** : चिताएको कामले तीव्रता लिनेछ। नोकरीबाट मानसम्मान मिल्न सक्छ । | **मकर** : अवसरहरु आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्राको योग छ । |
| **सिंह** : मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । आर्थिक लाभ भने मिल्नेछ । | **कुम्भ** : जग्गाको कारोबारबाट राम्रो फाइदा हुनेछ । धन हात पनि पर्नेछ । |
| **कन्या** : रमणीय र सुखद् यात्राको योग छ । धर्म र आस्था बढ्नेछ । | **मिन** : प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# छिट्टै लाइफ पार्टनर बन्नेछ रोबोट



शारीरिक सम्बन्ध हुनु संसारमा मानव जातिको अस्तित्वका लागि अनिवार्य छ । हुनत प्रजनन क्रिया मानिसका लागि मात्र नभएर सबै जीवात्माको वंश रक्षाको लागि अत्यावश्यक कुरा हो ।

तर, जब मानिसले आफ्नो जिवनशैली परिवर्तन गरिरहेको छ उसले आफ्नो आवश्यकताका सबै आवश्यक चिजका लागि कुनै न कुनै मेसिन वा प्रविधिको आविष्कार गर्ने गरेको छ । यस्तोमा प्रश्न यो उठ्छ कि के मानवीय सम्बन्धको यो बनावटमा समेत भविष्यमा प्रविधिले कब्जा जमाउला ? के ह्युमनाइड रोबोटले मानिससँग रोमान्टिक सम्बन्ध, मानवीय भावना वा पतिपत्नीको भूमिका समेत निभाउन सक्ला ? संसारमा बदलिँदैछ सम्बन्धको तरिका द मिररमा प्रकाशित रिपोर्टमा केही अध्ययनका निष्कर्षलाई उद्धृत गर्दै यस विषयमा विश्लेषण गरिएको छ । अध्ययन अनुसार आगामी ३० वर्षमा विश्वमा मानव बीचको सम्बन्धमा विभिन्न परिवर्तन आउनेछन् । रोबोट अर्थात् यन्त्र मानव आफ्नो कार्य, व्यक्तित्व तथा बनावटमा मानिससँग यतिधेरै दुरुस्तै बन्ने छ कि मानिसहरुले रोबोटलाई प्रेम गर्न थाल्नेछन् । साथै रोबोटसँग आत्मिक तथा शारीरिक सम्बन्ध राख्न पनि मानिसहरु हिच्किचाउने छैनन् ।

**के रोबोटले पति पत्नीको भूमिका निभाउला ?**

एटलान्टाको जर्जिया इन्स्टिच्यूट अफ टेक्नोलोजीका रोबोट वैज्ञानिक रोनाल्ड आर्किनका अनुसार सन् २०५० सम्ममा मानव र रोबोटबीचको सम्बन्ध पूर्ण रुपमा सामान्य हुनेछ। रोबोटहरु हाम्रा सहकर्मी बन्नेछन् र सायद महिला तथा पुरुष रोबोटसँग विवाहको पनि सुरुवात हुनेछ । यदि ह्युमनाइड एआई रोबोटले कृषि, उद्योग, पशुपालन, निर्माण, होटल तथा रेष्टुरेन्टमा खाना बनाउने र पस्किने, घरेलु कामकाज, बालबच्चाको हेरचाह र मनोरञ्जन जस्ता काम गर्न सक्छ भने के भविष्यमा उसले पति वा पत्नीको भूमिका पनि निभाउन सक्छ ? यद्यपि समाजशास्त्रीहरु रोबोटको मानवीय सम्बन्धमा प्रवेश गर्ने भविष्यवाणीसँग सहमत छैनन् । उनीहरुका अनुसार मानिस कहिल्यैपनि मानवीय हुन सक्दैन । मानवीय सम्बन्धको आधार नै आत्मीयता हो । त्यसपछि नै मानवीय सम्बन्धको महल खडा हुन सक्दछ । परिवारमा पति पत्नी, बालबच्चासँग जुन आत्मीयता हुन्छ त्यो रोबोटमा कहाँबाट आउँछ ? साथै निकट भविष्यमा आम मानिसमा रहेको मानवीय तथा आत्मीय भावना र गुण हराइहाल्छ भनेर कल्पना पनि त गर्न सकिँदैन । जो अविवाहित छन् रोबोटले उनीहरुको जिवनलाई भलै केही सहज त बनाइदेला अनि रोबोटले शारीरिक सुख पनि प्रदान गर्न सक्ला । तर, रोबोटले पारिवारिक सुख सायदै दिन सक्छ ।

*-अनलाइन खबर डटकम*

# वालेटबाट पैसा ट्रान्सफर गर्दा चार्ज लाग्न थालेको हो ?



नेपालमा सञ्चालित भुक्तानी सेवा प्रदायकहरूले ठूलो रकम र एकै दिन धेरै सङ्ख्यामा कारोबार गर्ने सेवाग्राहीसँग शुल्क लिन थालेका छन् । नेपालमा सञ्चालित सबैजसो सेवा प्रदायकहरूले एक आपसमा सहमति गरी केही दिन अघिदेखि यस्तो शुल्क लिन थालेका हुन् ।

यसअघि एउटै सेवा प्रदायकको वालेट प्रयोग गर्ने ग्राहकले एउटा व्यक्तिबाट अर्को व्यक्तिको वालेट अकाउन्टमा पैसा पठाउँदा कुनै शुल्क लाग्दैनथ्यो। यसरी रकम पठाउने अधिकतम सीमा र सङ्ख्या भने नियामक निकायले तोके बराबर हुने गर्थ्यो । तर, अब भने एकै दिन धेरै पटक कारोबार गर्ने तथा ठूला कारोबार गर्ने व्यक्तिहरूका हकमा प्रतिकारोबार १० रुपैयाँको दरले सेवा शुल्क लिन थालिएको छ । योसँगै बजारमा पीएसपीहरुले शुल्क लिन थालेको व्यापक हल्ला समेत भइरहेको छ । कतिपयले यसको विरोध गरेका छन् भने कतिपयले भ्याट लगाएका कारणले शुल्क तिर्नुपरेको भन्दै सरकारको आलोचना समेत गरेका छन् ।

**कस्तो कारोबारमा लाग्छ शुल्क ?**

भुक्तानी सेवा प्रदायकहरू बीचको सहमतिमा तय गरिएको शुल्क अनुसार एक दिनमा तीन पटकभन्दा धेरै कारोबार गर्ने र एक पटकमा १०० रुपैयाँ भन्दा धेरै रकम ट्रान्सफर गर्दा शुल्क लिने व्यवस्था गरिएको छ। यस्तो भुक्तानीमा प्रति पटक १० रुपैयाँसम्म चार्ज जोड्ने व्यवस्था गरिएको छ । यस अनुसार दिनमा तीन पटकसम्म जतिसुकै रकम ट्रान्सफर गर्दा पनि पैसा लाग्दैन । अर्कोतर्फ १०० रुपैयाँसम्मको रकम दिनमा जति पटक ट्रान्सफर गरे पनि त्यसको कुनै चार्ज लाग्दैन। तर, ठूलो कारोबार पनि गर्ने र दिनमा तीन पटक भन्दा धेरै कारोबार पनि गर्नेलाई मात्रै शुल्क लाग्ने सेवा प्रदायकहरूको निर्णय छ । भुक्तानी सेवा प्रदायकका एक जना अधिकारी डिजिटल वालेटको मर्म विपरीत हुने कारोबारलाई निरुत्साहित गर्न यस्तो व्यवस्था गरिएको बताउँछन् । 'भुक्तानी सेवा प्रदायक भनेको डिजिटल वालेट हो । पर्सबाट पैसा निकालेर सानो सानो कारोबार गरेजस्तै यसबाट कारोबार गर्ने हो, जुन सानो सानो अमाउन्टमा हुन्छ, ठूलो अमाउन्टमा भए पनि दिनमा एक/दुई पटक हुन सक्छ,' ती अधिकारी भन्छन्,' तर यहाँ त वालेटबाटै व्यावसायिक कारोबार नै सञ्चालन हुने गरेको पाइयो । त्यसलाई निरुत्साहित गर्न अहिलेको व्यवस्था गरिएको हो ।'

**सर्वसाधारणलाई असर नपर्ने**

अहिले गरिएको व्यवस्थाले सामान्य भुक्तानी गर्ने सर्वसाधारणलाई असर नगर्ने ती अधिकारीको दाबी छ । उनका अनुसार एक दिनमा तीन पटकसम्म जतिसुकै ठूलो रकम ट्रान्सफर गरे पनि कुनै चार्ज नलाग्ने र सानो अमाउन्टमा जति पटक पनि कारोबार गर्न सकिने भएकोले यसबाट कुनै शुल्क नतिरेरै सेवा लिन सकिन्छ । तर, यदि कसैले तीन पटक भन्दा धेरै कारोबार पनि गर्छ र त्यस्तो कारोबार १०० रुपैयाँभन्दा बढी पनि हुन्छ भने त्यस्तो कारोबारमा १० रुपैयाँ शुल्क तिर्न अप्ठ्यारो नहुने उनको भनाइ छ । सरकारले बजेटमार्फत डिजिटल सेवाप्रदायकहरूको कारोबारलाई भ्याट छुटको दायराबाट हटाएर सेवा शुल्कका आधारमा १३ प्रतिशत भ्याट लिने व्यवस्था गरेको थियो । यो अवस्थाका कारण यस्ता सेवा प्रदायकले अहिले लाग्दै आएको शुल्कमा भ्याट तिर्नुपर्ने अवस्था सिर्जना भएको छ । शुल्क नलिएको अवस्थामा भ्याट नलाग्ने भए पनि अहिले लिँदै आएको शुल्कमा भ्याट तिर्दा ती सेवा प्रदायकको आम्दानी घट्ने अवस्था आएको छ ।

अहिले नेपालमा ९ वटा भुक्तानी सेवा सञ्चालक (पीएसओ) र २६ वटा भुक्तानी सेवा प्रदायक (पीएसपी) ले अनुमति पाएका छन् । त्यसमध्ये ईसेवा, खल्ती, आईएमई पे लगायतका सेवा प्रदायकका डिजिटल वालेटहरूको प्रयोग सबैभन्दा धेरै हुँदै आएको छ । नेपाल राष्ट्र बैंकको नियम अनुसार अहिले एउटा वालेटबाट अर्को वालेटमा दिनको ५० हजार रुपैयाँसम्म पैसा पठाउन पाइन्छ । प्राकृतिक व्यक्तिको वालेटबाट सो सीमा नबढ्ने गरी एक दिनमा १० पटकसम्म कारोबार गर्न पाइन्छ । वालेटबाट बैंकमा रकम ट्रान्सफर गर्न १० रुपैयाँसम्म शुल्क लिन पाउने राष्ट्र बैंकको व्यवस्था छ ।

*-हाम्रोकुरा डटकम*

# टेलिकमको बिलिङमा एक मात्र आवेदन




नेपाल दूरसञ्चार कम्पनी लिमिटेड 'नेपाल टेलिकम'ले कर्न्भरजेन्ट रियल टाइम बिलिङ तथा ग्राहक सेवा सिस्टमका लागि आह्वान गरेको टेन्डरमा एउटा मात्रै कम्पनीको आवेदन परेको छ । टेलिकमका अनुसार साउन १५ गते अन्तिम म्याद रहेको टेन्डरमा अमेरिकी कम्पनी सीएसजी इन्टरप्राइजेजको आवेदन परेको हो । टेलिकमले बिलिङ सिस्टमका लागि गत वर्ष २०८० को चैत १८ मा पहिलोपटक टेन्डर आह्वान गरेको थियो । त्यसयता टेन्डरको म्याद तीनपटक थपेर साउन १५ सम्म पुऱ्याएको थियो । साउन १५ को अन्तिम दिन अमेरिकी कम्पनी सीएसजीको आवेदन परेको हो । सोही दिन आवेदन दिन खोज्दा आफ्ना कागजातहरु अपलोड नभएको चिनियाँ दूरसञ्चार पूर्वाधार कम्पनी हुवावेले निवेदन दिएको छ । तीनपटक म्याद थप हुँदा आवेदन नदिएका कम्पनीले साढे चार अर्ब रुपैयाँभन्दा बढी लागत अनुमानको यो ठेक्काका लागि अन्तिम समयमा आवेदन दिन खोजेको देखिन्छ । यस्तो हुँदा अमेरिकी कम्पनी सीएसजीको आवेदन मात्रै परेको हो । हुवावेले भने आवेदनका क्रममा आफ्नो कागजात नै अपलोड नभएको भन्दै टेलिकम र सार्वजनिक खरिद तथा अनुगमन कार्यालयलाई जानकारी गराएको छ । टेलिकमका प्रवक्ता किशोरकुमार भट्टले सीएसजीको आवेदन परेको र हुवावेले आवेदन पर्न नसकेको जानकारी गराएको बताए । 'बिलिङ सिस्टमका लागि एक मात्र कम्पनीको आवेदन परेको छ । हुवावेले आफूले आवेदन दिन खोज्दा अपलोड नभएर असफल भएको भनेको छ, त्यो वेबसाइट सरकारको भएका कारण हामीले सार्वजनिक खरिद तथा अनुगमन कार्यालयलाई सम्पर्क गर्न सुझाएका छौं,' टेलिकमका प्रवक्ता भट्टले भने । सार्वजनिक खरिदको सिस्टममा समस्या नभएका कारण समयावधि सकिएर वा उनीहरूको प्राविधिक कमजोरीका कारण आवेदन पर्न नसकेको हुनसक्ने उनको भनाइ छ । हुवावेले बिलिङ सिस्टमका लागि आवेदन दिन खोज्दा अपलोड हुन नसकेको भन्दै बुधबार सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत निवेदन दिएको छ । सार्वजनिक खरिदको वेबसाइटमा आवेदन भने त्यस्तो कुनै समस्या नरहेको कार्यालयका प्रवक्ता विष्णुप्रसाद शर्माको भनाइ छ । उनले भने, 'हुवावेले आवेदन दिन खोज्दा असफल भयो भनेर निवेदन दिएको छ । हाम्रो सिस्टममा त्यस्तो कुनै समस्या छैन । त्यसबारे थप आईटी डिपार्टमेन्टले हेर्छ होला ।' टेलिकमले अब सीएसजीको प्रस्तावको प्राविधिक र आर्थिक विवरणको विश्लेषण गरेर प्रक्रिया अघि बढाउने छ । सीएसजी छनोटमा परेमा टेलिकमले सूचना जारी गर्नेछ । त्यसमा विरोध नभएमा नयाँ कर्न्भर्जेन्ट रियल टाइम बिलिङ तथा कस्टुमर सर्पोटक सिस्टमको खरिद प्रक्रिया अघि बढ्नेछ । टेलिकमको बिलिङ प्रणाली निकै महत्त्वपूर्ण सफ्टवयर मानिन्छ । यसले ग्राहकले फोन गरेको समयावधिको लाइभ पैसा काट्ने, म्यासेज गर्दा लाग्ने शुल्क काटेर सोही अनुसारको लाइभ बिल तयार पार्ने, जानकारी दिने र ग्राहकलाई डाटा र अन्य सेवा प्रदानगर्ने लगायत काम गर्छ । नेपाल टेलिकमले हाल चिनियाँ कम्पनी एसिया इन्फोको बिलिङ प्रणाली प्रयोग गर्दै आएको छ । करिब १२ वर्ष पुरानो यो प्रणालीका कारण टेलिकमको सेवामा समस्या आउने गरेको गुनासो हुने गरेको छ । यस विषयमा २०७९ को माघमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव गौरव गिरीको संयोजकत्वमा बनेको छानबिन समितिले टेलिकमको बिलिङ प्रणालीमा सातदेखि ११ प्रतिशत आम्दानी गुमिरहेको निष्कर्षसहितको प्रतिवेदन बुझाएको थियो । यसअघि २०७८ सालमा डिल्ली अधिकारी र २०७९ सालमा सुनिल पौडेल प्रबन्ध निर्देशक 'एमडी' हुँदा बिलिङ प्रणाली खरिद गर्ने प्रक्रिया सुरु भएको थियो, तर अघि बढ्न सकेको थिएन । २०७९ को पुसमा तत्कालीन सञ्चालक समितिका अध्यक्ष सञ्चारसचिव बैकुण्ठ अर्याल र एमडी पौडेल हुँदा एसिया इन्फोसँगको सम्झौता अवधि थप चार वर्ष थपिएको थियो । बिलिङ प्रणालीमा समस्या हुँदा समेत एसिया इन्फोलाई निरन्तरता दिएको भन्दै विवाद भएको थियो । यस विषयमा भ्रष्टाचारको आशंकापछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले टेलिकमलाई नयाँ खरिद प्रक्रिया अघि बढाउन भनेको थियो । त्यसपछि २०८० को चैतमा आएर मात्रै टेलिकमले पुरानै कागजात र लागत अनुमानका आधारमा नयाँ टेन्डर आह्वान गरेको थियो । *-बाह्रखरी डटकम*

# इन्टाग्राममा रिल बनाउन अब झनै रमाइलो



मेटाले आफ्नो इन्स्टाग्राम प्लेटफर्ममा नयाँ एआई टूल 'एआई स्टुडियो ' लन्च गरेको छ। यसको मद्दतले प्रयोगकर्ताहरूले आफ्नै विशेष एआई च्याटबोट सिर्जना गर्न सक्नेछन् ।

यो टुलले प्रयोगकर्ताहरूलाई आफ्नो व्यक्तिगत एआई च्याटबोट सिर्जना गर्न र सोशल मिडियामा सेयर गर्न अनुमति दिन्छ । यो उपकरण प्रयोगकर्ताहरूको लागि धेरै लाभदायक साबित हुन सक्ने कम्पनीको भनाई छ । यसमार्फत उनीहरुले आफ्नो 'कस्टमाइज रिप्लाई ' बनाएर म्यासेजको जवाफ पनि दिन सक्नेछन् । मेटाको यो नयाँ टुल इन्स्टाग्राम चलाउने व्यवसायीहरूले पनि प्रयोग गर्न सक्नेछन् । यो एआई च्याटबोटले सामान्य डाइरेक्ट म्यासेज प्रश्न र स्टोरीहरूको जवाफ दिन सक्षम छ। यसबाहेक, प्रयोगकर्ताहरूले मेटाका विभिन्न प्लेटफर्महरूमा आफ्नो एआई च्याटबोट सेयर गर्न सक्छन् । एआई स्टुडियो मेटाको ओपन सोर्स एआई मोडल लामा ३.१ मा बनाइएको छ, जुन गत हप्ता रिलिज भएको थियो ।

यो धेरै भाषाहरूमा उपलब्ध छ र धेरै सशुल्क टुलहरूसँग प्रतिस्पर्धा गर्न सक्छ । यो नयाँ सुविधा इन्स्टाग्राममा मात्र सीमित रहने छैन । मेटाले यसलाई यसको अन्य सामाजिक मिडिया प्लेटफर्महरूमा पनि थप्नेछ । यसबाट प्रयोगकर्ताहरूले हरेक प्लेटफर्ममा समान अनुभव पाउनेछन् । यसअघि जुनमा गुगलले आफ्नो जेमिनी मोबाइल एप भारतमा ९ भाषामा लन्च गरेको थियो । एक हप्ता पछि, मेटा एआईलाई भारतमा व्हाट्सएप, फेसबुक, इन्स्टाग्राम, मेसेन्जर र 'मेटा एआई' मा प्रस्तुत गरियो । मेटा एआई लन्च गर्दा कम्पनीले यसलाई लार्ज ल्याङ्ग्वेज मोडल 'एलएलएम' मा निर्माण गरिएको बताएको थियो । यसले फेसबुक, ह्वाट्सएप र इन्स्टाग्रामका लाखौँ प्रयोगकर्तालाई फाइदा पुग्नेछ ।

मेटा एआई प्रयोग गरेर, सामग्री सिर्जना गर्ने र कुनै पनि विषयमा जानकारी प्राप्त गर्ने जस्ता कार्यहरू अब प्रत्यक्ष र सजिलैसँग गरिन्छ । यो नयाँ सुविधाले सिर्जनाकर्ताहरूलाई आफ्ना फलोअर्सहरूसँग राम्रो र प्रभावकारी रूपमा संवाद गर्न मद्दत गर्नेछ ।

*-रातोपाटी डटकम*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु




**पाल्पा,** साउन २१/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ, नवलपरासी पूर्व, चितवन, र उदयपुरमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी चार जनाको मृत्यु भएको हो ।

दाङको शान्तिनगर गाउँपालिका-१ हाँडिचारस्थित सडकमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । तुलसीपुरबाट सल्यानतर्फ जाँदै गरेको रा.१ ज ७७० नम्बरको जिप अनियन्त्रित भई दुर्घटना हुँदा जिपमा सवार सल्यान त्रिबेणी गाउँपालिका-३ टोट्केका ४६ वर्षीय यमबहादुर केसीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा घाइते भएका जिपमा सवार ६ जना मध्ये २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ भने २ जनालाई थप उपचारको लागि नर्सिङहोम नेपालगञ्ज बाँके पठाइएको छ । साथै २ जनाको उपचार पश्रुचात डिस्चार्ज भएका छन् । हाल फरार जिप चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै नवलपरासी पूर्वको बिनयी त्रिवेणी गाउँपालिका-६ साहुमारास्थित सडकमा मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । त्रिवेणीधामबाट भारततर्फ जाँदै गरेको युपि ५६ ए ९२१२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई अमचुर खोलामा खस्दा चालक भारत महाराजगञ्ज निशलल थाना वडवलियाका बस्ने ४० वर्षीय प्रकाश भारतीको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनालाई उपचारको लागि जिल्ला सरकारी अस्पताल नवलपरासी पश्चिम पठाइएको छ । यस्तै चितवनको कालिका नगरपालिका-६ नगरपालिका चोकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । ठक्करबाट ना.६५ प ६९९ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँका ७० वर्षीय शिव नारायण श्रेष्ठको राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उता उदयपुरको चौदण्डीगढी नगरपालिका-८ बेसारास्थित सडकमा रोकी राखेको अटोमा खेल्ने क्रममा अटो सडकबाट तल खस्न जाँदा एक जनाको ज्यान गएको छ । प्र.१-०२-००४ ह ४०८१ नम्बरको अटोमा खेल्ने क्रममा अटो सडकबाट करिब २ सय मिटर तल खसेर दुर्घटना हुँदा खोटाङ बाह्रपोखरी गाउँपालिका-५ बोयाटार बस्ने विश्वदिप राईकी छोरी १४ वर्षीया सारा राईको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । खोटाङबाट बेल्टारतर्फ जाँदै गरेको प्र १-०५-००१ ह ०२८५ नम्बरको अटो वर्षातको कारण सडक बिग्रिएर रोकिए पश्रुचात अटोमा सवार सारा ओर्लिएर सोही स्थानमा रोकी राखेको प्र१-०२-००४ ह ४०८१ नम्बरको अटोमा खेल्ने क्रममा दुर्घटना भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएकी उनको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । दुवै अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### नेपालसँग माल्दिभ्स पराजित



**काठमाडौं,** २१ साउन/काभा वुमन्स भलिबल नेसन्स लिगमा माल्दिभ्सलाई सोझो सेटमा हराउँदै नेपाल सेमिफाइनल प्रवेश गरेको छ ।

सोमबारको जितसँगै नेपालको भेट सेमिफाइलमा इरानसँग पक्का भएको छ । दशरथ रंगशाला कभर्ड हलमा सोमबार भएको खेलमा नेपालले २५-८, २५- १९ र २५-१८ को जित दर्ता गर्‍यो । पहिलो सेटमा लगातार दबाब बनाउँदै जित निकालेको थियो । दोस्रो सेटमा भने नेपालले बेन्चमा रहेका खेलाडीलाई मौका दियो । दोस्रो सेटमा भने नेपाललाई ५-५ को बराबरीसम्म टक्कर दिएको थियो । दोस्रो सेटमा १३ बराबरीसम्म पुर्‍याएको थियो । १५-१३ को अवस्थामा नेपाललाई पछि छोड्यो । नेपालले त्यसपछि २ जना पहिलो रोजाइका खेलाडीलाई कोर्टमा ल्यायो । निरुता ठगुन्ना र लिबेरो सलिना श्रेष्ठ मैदानमा आएपछि नेपालले माल्दिभ्सलाई १८-१८ मा आएर बल्ल भेटायो । त्यसपछि भने लगातार अग्रता बनाउँदै जित हात पार्‍यो । तेस्रो सेटको सुरुवातमा केहीबेर माल्दिभ्सले प्रतिस्पर्धा गरे पनि पछि भने नेपालले अग्रता बनाउँदै जित हात पार्‍यो । सेमिफाइनल खेल मंगलबार हुनेछ । पहिलो सेमिफाइनल ३ बजे भारत र श्रीलंकाबीच हुनेछ भने दोस्रो सेमिफाइनल ५:१५ मा नेपालले इरानसँग खेल्ने छ ।


## वर्गिकृत डिस्प्ले


*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा वृद्धि



**पाल्पा,** साउन २१/ कारोबारको पहिलो दिन सोमबार नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) परिसूचक वृद्धि भएको छ । नेप्से एक दशमलव ४७ प्रतिशतको वृद्धि भएको हो । नेप्से परिसूचक ४० दशमलव ७६ अंकले बढेर सोमबार दुई हजार सात सय ९६ दशमलव ३८ को बिन्दुमा कायम भएको छ ।

सोमबार तीन सय २६ कम्पनीको चार करोड ९७ लाख ७३ हजार सात सय ३० कित्ता शेयर दुई लाख ३८ हजार ७८ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब ८६ करोड ४९ लाख ९२ हजार दुई सय ७७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूहको उपसूचक आज सबैभन्दा धेरै छ दशमलव ६९ प्रतिशतले बढेको छ । त्यस्तै, जलविद्युत् समूह तीन दशमलव ०९, लगानी तीन दशमलव ५२, जीवन बीमा तीन दशमलव २३, जीवन बीमा एक दशमलव २५, व्यापार पाँच दशमलव ७० र अन्य समूह पाँच दशमलव ७३ प्रतिशतले बढेको छ । अरु समूहको उपसूचक भने रातो देखिएको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोमबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब २६ करोड चार लाख ८८ हजार सात सय ७२ बराबरको १५ लाख ४९ हजार ९८ कित्ता शेयर किनबेच भएको छ ।


## क्याटलग सपिङ्ग विधिबाट हेभी सवारी साधन (डोजर-भ्याकु लोडर) खरिदको लागि सूचिकृत हुने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८१/०४/२२*

यस गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने हेभी सवारी साधन (Backhoe Loader) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नु पर्ने भएकोले हेभी सवारी साधन उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी, अधिकृत/विक्रेताले कम्पनी/फर्म दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र, लेटर अफ अथोराइजेशन र आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रतिलिपिहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सूचीकृत हुनको लागि निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दर्ता भएका सूचीकृत कम्पनी वा आधिकारिक बिक्रेताहरुबाट मात्र खरिदका लागि सिलबन्दी प्रस्ताव माग गरिने बेहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

**नोट:**

- Backhoe Loader को Technical Specification यस कार्यालयको वेवसाइट www.rurumun.gov.np मा राखिएको छ ।

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउबेंसी, गुल्मी



## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकले मन पराएका नेपाली चलचित्र 'शिरफूल', 'मोदीबेनी' र हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

पहिलो शो : ११:३० बजे नेपाली चलचित्र 'शिरफूल', दोस्रो शो : २:३० बजे नेपाली चलचित्र 'मोदीबेनी' र तेस्रो सो साझ ५:३० बजे हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई